बैठक संख्या १५

मिति २०७४/१०/२८

निर्णय नं. १

अर्जुनधारा नगपालिकाको शैक्षिक व्यवस्थापन कार्यविधि २०७४ र नगर राजपत्र प्रकासन सम्बन्धमा तयार पारिएको "अर्जुनधारा नगरपालिका नगर राजपत्र प्रकासन कार्यविधि २०७४" लाई स्वीकृत गरियो ।

निर्णय नं. २

अर्जुनधारा नगरपालिकाको भित्रि चक्रपथ निर्माणका सन्दर्भमा शनिश्चरे बजारलाई केन्द मानी तपशिल बमोजिमको रुटमा १३ मिटको मापदण्ड कायम गरी (10+1.5+1.5) भित्रि चक्रपथ निर्माणका लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

वडा नं. ६ को कप्तनाबारीबाट- पुष्पलाल चौक-वडा नं. ९ को प्रणामी मन्दिर-कटहरडाँडा- वडा नं. ८ को हात्तिकिल्ला-नारायणचौक-वडा नं. ७ को वडा कार्यालय- वडा नं. ५ को कञ्चनबारी हुँदै वडा नं. ६ को कप्तानबारी

साथै,अर्जुनधारा नगरपालिकाको बाहिरी चक्रपथक लागि करिब ५० कि.मी.को तपशिल बमोजिमको रुटमा १६ मिटरको मापदण्ड (12+2+2) कायम गरी सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

वडा नं. ६ को महानन्द चौक-माता मन्दिर-कञ्चनजङ्गा टोल-नरहरी चापागाईको घर पश्चिम उत्तर-प्रसाई शिवालय मन्दिर-लक्ष्मीपुर स्कूल पूर्व मेचे बस्ती उत्तर पूर्व ईन्द्र कडरियाको घर-खड्ग वि.क.को घर उत्तर पूर्व-लक्ष्मीधाप उत्तर चाम्लिङ्ग टोल सालवाडी चौहानको घर हुँदै स्कूल डाँडा उत्तर-ढ्याङ्ग्रे खाल-क्षेत्रिय सडक-बस्नेतको दोकान पूर्व-वडा नं १० र ११ को सिमाना पूर्व लक्ष्मी मैनालीको घर -कालिझोडा उत्तर सिमा हुँदै सहरेडाँगी पश्चिम- शान्ति चौक-बुधबारे धाइजन चौक-प्रेमसागर सापकोटाको घर उत्तर-पशुपति चौक-सेतिपानी स्कूल चौक-बुद्धशान्ति सिमाना-खतिवडा चौक-रबर बगान-मन्दिर उत्तर बिरिङ्ग पारि १ नं वडा कार्यालय-जिवन चौक-गणेश नि.मा.वि.हुँदै शंकाराचार्य गेट-साधुटार मन्दिर-दिलबहादुर लिम्बू चौक-नेते खोला-खैरेनी-पानिटेंकी जङ्गल-झटारे-नेते खोला-डबल बस्ती-सातकटेरी-मदन बरालको घर-हलुवागढ सिमसार-राते खोल्सी-तिनखुट्टे बर-मिश्र टार-दोभान-चर्च-नहर-लाप्चेटार-साठिमुरे-टिका उप्रेती चौक-बेल्टार भित्तो-वडा नं. ३ को सिमाना-गर्जमान सुब्बाको घर-मने थापाको घर हुँदै-सुखानी खोला-दुर्गापुर दानबारी सडक-दहिझोडा गोविन्द श्रेष्ठको घर हुँदै -टाङ्गटिङ्ग खोला-पूर्व- -राजन गिरी मार्ग-तामाङ्ग गाउँ पानीकल-पाण्डवपुर-भानु मा.वि.फुलबारी-मुसि चौक-हुँदै महानन्द चौकमा जोडिने छ ।

निर्णय नं. ३

यस नगरपालिका भित्र रहेका SRN ,DRN तथा LRN अन्तर्गतका सडकहरुको तोकिएको मापदण्ड कायम गर्न बाटो अतिक्रमणलाई रोक्ने तथा अतिक्रमण भएका सडकहरुको मापदण्ड यथावत कायम गर्न आवश्यक पहल गर्ने र सडकमा पर्ने व्यक्तिको नाममा रहेको जग्गालाई नेपाल सरकारको स्वामित्वमा ल्याउने व्यवस्थाका लागि सम्बन्धित निकायमा आवश्यक पहल गर्ने निर्णय गरियो ।

निर्णय नं ४

आगामी आ.व.को बजेट तथा कार्यक्रम निर्माण गर्दा नगरपालिकाको भौगोलिक विशेषता तथा विविधता अनुसार क्षेत्र विशेषको उत्पादनको अवसर एवं सम्भावनालाई मध्यनजर गरी पकेट क्षेत्र तोकी सोही अनुसार कार्यक्रम तय गर्न क्षेत्र पहिचानका लागि सम्बन्धित विषयगत समिति तथा शाखाहरुबाट गृहकार्य गर्ने निर्णय गरियो ।

नगर प्रमुख

निर्णय नं. ५

तपशिल बमोजिमका आर्थिक सहायता तथा भुक्तानीहरु उपलब्ध गराउने निर्णय गरियो ।

विवरण	रकम	कैफियत
अर्जुनधारा -६ को सौर्य सडक बत्तिको गत आ.व.को भुक्तानी दायित्व	रु १ लाख	
शहिद दिवशका अवसरमा सारेगम कला केन्द्रद्वारा आयोजित कार्यक्रम सञ्चालन खर्च	रु १ लाख	
आदिवासी जनजाति पत्रकार महासंघ जिल्ला सम्मेलन सहयोग	रु १० हजार	
समाज उद्धार कल्याण संघ,अर्जुनधारा-७ को आयोजनामा हुने वडास्तरीय फुटबल कार्यक्रम कार्यक्रममा सहयोग	रु ५० हजार	
प्रत्येक वडालाई रु १० हजार बराबरको जर्सी तथा फुटबल खरिद गरी उपलब्ध गराउने		
अर्जुनधारा-७ निवासी मृगौला रोगी श्री कल्पना दर्जीलाई औषोपचार सहयोग	रु १० हजार	
अर्जुनधारा-९ मा निशुल्क तेक्वान्दो प्रशिक्षण सञ्चालानार्थ सहयोग (लक्ष्मी राजवंशी)	रु २५ हजार	
अर्जुनधारा -४ स्थित दुर्गा मन्दिर तथा जेष्ठ नागरिक मिलन केन्द्रद्वारा आयोजित पुराणमा खाना/खाजा सहयोगार्थ	रु ५० हजार	
कनकाइ माईमा आयोजना भइरहेको लक्ष कुम्भ पुजनमा खाना/खाजा खर्च सहयोग बापत	रु ५० हजार	
सुखानी शहिद स्मृति पार्कमा जीवशास्त्र अनुसन्धानका लागि सहयोग	रु १० हजार	

निर्णय नं. ६

यस नगरपालिकाबाट असुल हुनुपर्ने घरधुरी कर घरधनी स्वयम् आई कार्यालयमा दाखिला गर्ने नदेखिएको हुँदा सो रकम असुल उपर गर्नका लागि महिला स्वास्थ्य स्वयम्सेविकाहरुलाई असुल रकमको ३० प्रतिशत प्रोत्साहन रकम उपलब्ध गराई गाउँ गाउँमा खटाउने निर्णय गरियो ।

निर्णय नं. ७

यस कार्यालयको प्रयोजनका लागि भाडामा लिई सवारी साधन चलाउन गरिएको सम्झौता लाई अनुमोदन गरियो ।साथै,यस नगरपालिकाको न्यायिक समितिका कानूनी सल्लाहकारसँग वार्षिक रु १,८०,०००/- (रु एक लाख असि हजार मात्र) बराबरको करार सम्झौता गर्ने तथा न्यायिक समितिबाट फिल्डमा खटि जाने पदाधिकारीलाई वार्षिक रु २०,०००/- (रु विस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८

यस नगरपालिकामा नेपाल सरकार सडक बोर्डबाट प्राप्त रकमबाट नगरस्तरीय अनुगमन समितिले आवश्यकता तथा औचित्यका आधारमा योजना छनौट गर्ने निर्णय गरियो ।

नगर प्रमुख

निर्णय नं. ९

यस नगर कार्यपालिका कार्यालयमा कार्यरत विमा गर्न बाँकी स्थायी सेवाका कर्मचारीहरुको जीवन विमाका लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. १०

अर्जुनधारा नगरपालिकाको नगर सभा मिति २०७४ साल फाल्गुन ३ गते विहान ११ बजे नगर कार्यपालिकाको कार्यालयमा आह्वान गर्ने निर्णय गरियो ।उक्त नगर सभामा तपशिल बमोजिम प्रस्तावहरु छलफल तथा अनुमोदनका लागि लैजाने निर्णय गरियो ।

(क) राजश्वअ असुली तर्फ

प्रथम नगरसभाबाट पारित आर्थिक ऐनमा छुट भएका तपशिल बमोजिम शीर्षकबाट तपशिल बमोजिम राजश्व असुली गर्ने

शीर्षक	रकम रु	कैफियत
जग्गा नाँपजाँच	रु. १,०००/-	नगरपालिकाबाट खटी जाँदा
न्यायिक समितिमा मुद्दा दर्ता	रु ५०० र रु १०००	जग्गा विवादमा रु १०००/- तथा अन्य विवादमा रु ५००/-
मिलापत्रमा पिडकबाट लिने	मुद्दा दर्ता सरह	
अदालतमा सिफारिस दस्तुर	रु २००	
सम्पत्ति मूल्यांकन तथा आम्दानी प्रमाणित	प्रति लाख रु १५० का दरले	बैदेशिक अध्ययनका लागि जाने विद्यार्थीका हकमा अफर लेटर भएकमा ५० प्रतिशत छुट
ऐलेनी जग्गा कारोबार लिखत प्रमाणित दस्तुर	कारोबार रकमको २ प्रतिशत	

(ख)जनप्रतिनिधिको सेवा सुविधा

प्रदेश सरकारबाट जनप्रतिनिधिको सेवा सुविधा सम्बन्धि कानून बनेपछि सोही बमोजिम समायोजन हुने गरी हाल लाई अर्जुनधारा नगरपालिकाका निर्वाचित प्रतिनिधिहरुलाई तपशिल बमोजिम मासिक आर्थिक सेवा सुविधा/पारिश्रमिक उपलब्ध गराउने

पद	रकम रु
नगरप्रमुख	३५,०००/-
नगर उप प्रमुख	३०,०००/-
वडाध्यक्ष	२५,०००/-
न्यायिक समिति सदस्य	१२,०००/-
नगर कार्यपालिका सदस्य	१०,०००/-
नगर सभा सदस्य	६,०००/-

उल्लेखित रकम २०७४ श्रावण महिनाबाट नै लागू हुने गरी उपलब्ध गराउने ।

नगर प्रमुख

(च) तपशिल बमोजिम ऐनहरु पारित गर्न नगर सभामा लैजाने :

- अर्जुनधारा नगरपालिका सहकारी ऐन, २०७४

-अर्जुनधारा नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन,२०७४

-अर्जुनधारा नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनको ऐन, २०७४

(ग) कार्यक्रम सञ्चालन नर्म्स सम्बन्धमा ।

नगर कार्यपालिकाको आयोजनामा सञ्चालन हुने तालिम तथा कार्यक्रमको खर्चको नर्म्स तपशिल बमोजिम हुने गरी

शीर्षक	रकम रु	कैफियत
प्रशिक्षक भत्ता	१,५००/-	प्रति सेसन
सहयोगी भत्ता	रु ३००/-	प्रति दिन
कार्यक्रम संयोजक	रु १०००/-	प्रति कार्यक्रम
खाजा	रु १००/-	प्रति सहभागि
खाना	रु २५०/-	प्रति सहभागि प्रति छाक
स्टेशनरी	रु १००/-	प्रति सहभागि
स्टेशनरी (तालिम)	रु ३०००/-	प्रति तालिम
पानी तथा अन्य	रु २०००/-	प्रति तालिम
प्रतिवेदन तयारी	रु २०००/-	प्रति तालिम
हल भाडा	लागत अनुसार	
सहभागि यातायत खर्च	रु ५००/-	प्रति दिन
अनुगमन (तालिम)	रु २०००/-	प्रति दिन प्रति व्यक्ति
योजना अनुगमन	रु ५००/-	प्रति दिन प्रति व्यक्ति

अन्यको हकमा नेपाल सरकार ,अर्थ मन्त्रालयले तोके बमोजिम ।

घ) यस नगरपालिकाको कनकाई नगरपालिका र मेचीनगर नगरपालिकासँग जोडिएका सिमानमा भएको अस्पष्टता सुल्झाउन सम्बन्धित निकायमा पहल गर्ने ।

ङ) प्रथम नगर सभाबाट पारित भएका तपशिल बमोजिम आयोजनाहरु संशोधनका लागि निवेदन तथा सिफारिस प्राप्त हुन आएकाले ती योजनाहरुको संशोधनका लागि आगामी नगरसभामा पेश गर्ने:

सि.नं.	योजना नम्बर	वडा नं	योजनाको नाम	संशोधन	रकम	कैफियत
१	१४ (नगरस्तरीय)	-	ट्रान्सफर्मर खरिद तथा वितरण	वडा नं. १० को रेखा खोला कल्भर्ट निर्माण	रु ३० लाख मध्ये रु २५ लाख	क्रमागत बहुवर्षिय आयोजना
२	१(वडा स्तरीय)	१	श्री सिंहदेवी मा वि धेराबारा निर्माण	श्री सिंहदेवी मावि हल निर्माण	रु ३ लाख	

नगर प्रमुख

३	६८	२	पडी खोल्सी कल्भर्ट निर्माण	९ नम्बर पैनी तथा आले बाबैको घरनेरको कल्भर्टमा पंखा निर्माण	रु २ लाख	
४	१०९	३	टाङटिङ पगला खोलमा तटबन्धन	टाङटिङ पगला सुखानी खोलमा तटबन्धन	रु ४ लाख	
५	८९	३	रत्न खुजुमको घर पूर्व हुँदै देवीथान कपिलमणि मिश्रको घरसम्मको सडक ग्राभल	रत्न खुजुमको घर पूर्व हुँदै देवीथान कपिलमणि मिश्रको घरसम्मको सडक ग्राभल तथा स्तरोन्नति	रु ४ लाख	
६	१३ नगरस्तरीय	७	वडा कार्यालय अगाडिको कल्भर्ट निर्माण	नाला निर्माण	रु १५ लाख	

निर्णय नं ११ यस नगरपालिका र उपभोक्ता समितिहरुबाट लागत साझेदारीमा योजना सञ्चालन गर्न माग निवेदनहरु पर्न आएकामा तपशिल बमोजिम योजनाहरु सञ्चालन गर्न नगरपालिकाको समपूरक कोषबाट तपशिल बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

क्र.सं.	वडा नं	आयोजनाको नाम	रकम (रु लाख मा)
१	६	महानन्द चोक पश्चिम विभुति मार्ग जोड्ने सडक कालोपत्रे	१०
२	१	आदिशक्ति गायत्री मन्दिर घेराबारा	२
३	११	शहिद सुखानी पार्कमा ट्रस्ट ब्रिज निर्माण	४
४	६	गाउँघर क्लिनिक निर्माण	५
५	५	श्याम सापकोटाको घर पश्चिम कल्भर्ट पुल निर्माण	६
६	१	हलुवागढ सामुदायिक वनमा सिमसार निर्माण	६
७	९	कालिस्थान मा वि कक्षा कोठा निर्माण	६
८	३	कैदले फाल्गुनन्द नयाँ पोखरी तथा टहरा निर्माण	६
९	११	कालिबहादुर लम्जेल मार्गमा स्लाप कल्भर्ट	५
१०	८	श्रोत केन्द्र मर्मत शनिश्चरे मा वि	२
१०	७	पुरुष चौतारो	२
१०	४	बाँगेडाँगी कल्भर्ट निर्माण	५

।

नगर प्रमुख

निर्णय नं. १२

अर्जुनधारा नगरपालिकाका विभिन्न विषयगत समितिहरु मार्फत सिफारिस भएका तपशिल बमोजिमका निर्णयहरुलाई समर्थन गर्ने निर्णय गरियो ।

तपशिलः

१.सिटिइभिटि को आर्थिक तथा प्राविधिक सहयोगमा तीन बर्षे ओभरसियर (प्राविधिक शिक्षा)का लागि शनिश्चरे मा.वि.लाई सिफारिस गर्ने ।

२.अर्को व्यवस्था नभए सम्मका लागि विषयगत समितिबाट सिफारिस भएका तपशिल बमोजिम समितिहरु गठन गर्ने ।

(क) युवा तथा खेलकुद समिति

नगर प्रमुख श्री हरिकुमार राना-संयोजक

नगर उप प्रमुख श्री कमला खतिवडा आचार्य-सदस्य

प्रमुख प्रशासकीय अधिकृत श्री राधाकृष्ण खतिवडा -सदस्य

सबै वडा अध्यक्षहरु-सदस्य

नगर सभा सदस्य-श्री दिलिप गुरुङ्ग

नगर सभा सदस्य-श्री होमनाथ दुलाल-सदस्य

नगर सभा सदस्य-श्री अर्जुनकुमार मेचे

मेची फुटबल रेफ्री- श्री प्रदीप बस्नेत

स्वास्थ्य शाखा प्रमुख-श्री मुकुन्द बस्नेत-सदस्य

शिक्षा अधिकृत-श्री जानुका गुरागाई-सदस्य

वरिष्ठ कार्यक्रम अधिकृत-श्री हिमराज सेढाई -सदस्य सचिव

(ख)दैवि प्रकोप उद्धार राहत तथा व्यवस्थापन समिति

नगर प्रमुख श्री हरिकुमार राना-संयोजक

नगर उप प्रमुख श्री कमला खतिवडा आचार्य-सदस्य

सबै वडा अध्यक्षहरु-सदस्य

इलाका प्रहरी कार्यालय प्रमुख-सदस्य

नगर प्रमुख

सशस्त्र प्रहरी बेस क्याम्प प्रमुख-सदस्य

नेपाल रेडक्रश सोसाईटी प्रमुख-सदस्य

नगरपालिका ईञ्जिनियर -सदस्य

वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक-सदस्य

प्रमुख प्रशासकीय अधिकृत श्री राधाकृष्ण खतिवडा -सदस्य सचिव

(ग) विधेयक समिति

नगर प्रमुख श्री हरिकुमार राना-संयोजक

नगर उप प्रमुख श्री कमला खतिवडा आचार्य-सदस्य

सबै वडा अध्यक्षहरु-सदस्य

प्रमुख प्रशासकीय अधिकृत श्री राधाकृष्ण खतिवडा -सदस्य

नगर सभा सदस्य शकुन्तला बराल-सदस्य

नगर सभा सदस्य श्री कुन्दन भट्टराई-सदस्य

कानूनी सल्लाहकार श्री चित्रबहादुर मगर-सदस्य

वरिष्ठ कार्यक्रम अधिकृत-श्री हिमराज सेढाई -सदस्य सचिव

(ग)नगर स्तरीय स्वास्थ्य व्यवस्थापन समिति

नगर प्रमुख श्री हरिकुमार राना-संयोजक

नगर उप प्रमुख श्री कमला खतिवडा आचार्य-सदस्य

सबै वडा अध्यक्षहरु-सदस्य

प्रमुख प्रशासकीय अधिकृत श्री राधाकृष्ण खतिवडा -सदस्य

वरिष्ठ कार्यक्रम अधिकृत-श्री हिमराज सेढाई -सदस्य

स्वास्थ्य संस्था प्रमुखहरु-सदस्य

स्वास्थ्य शाखा प्रमुख श्री मुकुन्द बस्नेत-सदस्य सचिव

नगर प्रमुख

(घ)नगर स्तरीय कृषि व्यवस्थापन समिति

नगर प्रमुख श्री हरिकुमार राना-संयोजक

नगर उप प्रमुख श्री कमला खतिवडा आचार्य-सदस्य

सबै वडा अध्यक्षहरु-सदस्य

प्रमुख प्रशासकीय अधिकृत श्री राधाकृष्ण खतिवडा -सदस्य

वरिष्ठ कार्यक्रम अधिकृत-श्री हिमराज सेढाई -सदस्य

कृषि शाखा अधिकृत-श्री शालिकराम भट्टराई- सदस्य सचिव

ङ)नगर स्तरिय पशु विकास व्यवस्थापन समिति

नगर प्रमुख श्री हरिकुमार राना-संयोजक

नगर उप प्रमुख श्री कमला खतिवडा आचार्य-सदस्य

सबै वडा अध्यक्षहरु-सदस्य

प्रमुख प्रशासकीय अधिकृत श्री राधाकृष्ण खतिवडा -सदस्य

वरिष्ठ कार्यक्रम अधिकृत-श्री हिमराज सेढाई -सदस्य

पशु शाखा अधिकृत-श्री पदमलाल राई- सदस्य सचिव

३.वितामोड-शनिश्चरे सडक अन्तर्गतको दासपुल जिर्ण अवस्थामा भएको र प्रयोग हुन नसक्ने भएको हुँदा उक्त पुललाई भत्काई फिलिङ्ग कार्यका (dismantled) लागि सडक डिभिजन कार्यलयलाई अनुरोध गर्ने ।

४.दहिझोडा सडक अन्तर्गतको कज्वे बाढिले भत्काई आवागमनमा समस्या परेको हुँदा उक्त स्थानमा पुल निर्माणका लागि सडक डिभिजन कार्यलयमार्फत केन्द्रिय योजनमा समावेशका लागि सिफारिस गर्ने ।

५.चाराली -सालवाडी- शनिश्चरे अन्तर्गतका जिर्ण पुलहरु मर्मतका लागि सडक डिभिजन कार्यालयलाई अनुरोध गर्ने

६घरनक्सा तथा सडकको मापदण्ड व्यवस्थित गर्न अमिनको प्रतिवेदन अनिवार्य गर्ने साथै हरियाली नगर निर्माणका लागि हर्बल वृक्षहरु (दालचिनी,निम,बेल,रुद्राक्ष आदि) रोपण कार्यलाई अनिवार्य गर्न नगरपालिकाबाट आवश्यक प्रक्रिया अघि बढाउने ।

नगर प्रमुख

निर्णय नं.१३

नगर कार्यपालिकाको कृषि विकास शाखाबाट पेश बमोजिम तपशिल बमोजिम प्रस्तावहरु सदर गर्ने निर्णय गरियो :

१, प्रस्तावनामा आधारित कार्यक्रम:

प्रस्ताव नं. १ माथि छलफल गर्दा अर्जुनधारा नगरपालिका, कृषि विकास शाखाको आ.ब. ०७४/७५ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रस्तावनामा आधारित कार्यक्रमहरु मध्ये तपसिलका कृषक समूह, संस्था र उद्यमीहरुबाट व्यवसायिक कृषिको उद्यम विकास गर्न प्रस्ताव पेश भई सम्बन्धित वडा कार्यालयबाट सिफारिश समेत भई आएकोले प्रस्ताव अनुसारको व्यवसायिक कृषि उत्पादन कार्यक्रम संचालन गर्न निम्न अनुसारको रकम उपलब्ध गराउने :

१, चानमोहन राजवंशी	अर्जुनधारा नपा वडा नं. ९	व्यवसायिक तरकारी उत्पादन	२५०००/-
२, जागरुक कृषि फर्म	अर्जुनधारा नपा वडा नं. ११	व्यवसायिक च्याउ खेती	२५०००/-
३, नरेन्द्र शिवाकोटी	अर्जुनधारा नपा वडा नं. ४	व्यवसायिक मकै उत्पादन	१५०००/-
४, तारा प्रसाद उपाध्याय	अर्जुनधारा नपा वडा नं. ९	व्यवसायिक मौरीपालन	२५,०००/-
५, प्रभाकर काफ्ले	अर्जुनधारा नपा वडा नं. ११	व्य.मौरीपालन	१०,०००/-
६, गंगाराज प्रसाई	अर्जुनधारा नपा वडा नं. ११	व्य. मौरीपालन	१०,०००/-
७, शिवबावा अचारजुस उद्योग	अर्जुनधारा नपा वडानं. ८	अचार उद्योग (दिनानाथ शिवकोटी)	२५०००/-
७, तारानिधी भट्टराई	अर्जुनधारा नपा वडा नं. ४	व्य. च्याउखेती	२५,०००/-
८, हरि डाँगी	अर्जुनधारा नपा वडा नं. ७	फार्म मेशिनरी	१०,०००/-

जम्मा: १,९५,०००/-

<u>२, साना सिंचाई विशेष कार्यक्रम सिंचाई कार्यक्रम: (मोटर वितरण गरिने)</u>

१, साना सिंचाई विशेष कार्यक्रम:

प्रस्ताव नं.२ माथि छलफल गर्दा अर्जुनधारा नगरपालिका, कृषि विकास शाखाको आ.ब. ०७४/७५ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार साना सिंचाई कार्यक्रमहरु मध्ये तपसिलका कृषक समूह, संस्था र उद्यमीहरुबाट साना सिंचाई माग भई आएको र सम्बन्धित वडा कार्यालयबाट सिफारिश समेत भई

नगर प्रमुख

आएकोले सिंचाई आयोजना सम्पन्न गर्न लाग्ने थप लागत सम्बन्धित कृषक समूह, कृषि सहकारी संस्था एवं उद्यमी स्वयंले ब्यहोर्ने गरी तपसिल अनुसारका कृषक समूह, कृषि सहकारी संस्था एवं उद्यमीलाई २.५ देखी ३ हर्षपावर सम्मको सिंचाई मोटर उपलब्ध गराउन स्वीकृत रकम दुईलाख रकमबाट खरिद गरी विगतरण गर्ने :

१, अग्रगामी शान्ति महिला समाज, अर्जुनधारा नपा वडा नं. ९

२, पुरुष जागरुक चौतारो, अर्जुनधारा नपा वडा नं. ७

३, बैद्धिक एग्रो प्लाननेट कम्पनी, अर्जुनधारा नपा वडा नं. ४

४, साल्वाडी कृषक समूह, अर्जुनधारा नपा वडा नं. ११

५, त्रिवेणी मिश्रित कृषक समूह, अर्जुनधारा नपा वडा नं. १

६, दाजुभाई कृषि फर्म, अर्जुनधारा नपा वडा नं. ५

७, सिर्जनशील कृषक समूह, अर्जुनधारा नपा वडा नं. ९

८, उपहार मिश्रित कृषक समूह, अर्जुनधारा नपा १०

९, श्रद्धा कृषि सहकारी संस्था, अर्जुनधारा नपा वडा नं. ११

३, साना सिंचाई विशेष कार्यक्रम सिंचाई कार्यक्रमः (कुलो मर्मत)

प्रस्ताव नं.३ माथि छलफल गर्दा अर्जुनधारा नगरपालिका, कृषि विकास शाखाको आ.ब. ०७४/७५ को स्वीकृत सहकारी सिंचाई कार्यक्रम अनुसार स्वीकृत बजेट एकलाख चालिस हजार रकमबाट तपसिलका कृषक समूह, संस्था र उद्यमीहरुबाट साना सिंचाई माग भई आएको र सम्बन्धित वडा कार्यालयबाट सिफारिश समेत भई आएकोले सिंचाई आयोजना सम्पन्न गर्न लाग्ने थप लागत सम्बन्धित कृषक समूह, कृषि सहकारी संस्था एवं उद्यमी स्वयंले ब्यहोर्ने गरी निम्न समूह, कृषि सहकारी संस्था एवं उद्यमीलाई संम्झौता गराई तपसिल अनुसारको रकम उपलब्ध गराउने :

१, राजपैनी जल उपभोक्ता समिति अर्जुनधारा नपा वडा नं. ४, लाई रु. ६५,०००/- (पैसट्ठी हजार मात्र)

२, सहकारी खेती सञ्चालन गर्न इच्छापत्र पेश गर्ने सालवाडी कृषक समूहलाई रु. ७५,०००/-(पचहत्तर हजार मात्र)

४, फार्म मेशिनरी

प्रस्ताव नं. ४ माथि छलफल गर्दा अर्जुनधारा नगरपालिका, कृषि विकास शाखाको आ.ब. ०७४/७५ को स्वीकृत रकम रु.१,७९,०००/- मध्येबाट साना फार्म मेशिनरी अनुदानमा उपलब्ध गराउने कार्यक्रम अनुसार तपसिलका कृषक समूह, संस्था र उद्यमीहरुबाट माग र सम्बन्धित वडा कार्यालयबाट सिफारिश समेत भई आएकोले कूल लागत मुल्यको न्युनतम ५० प्रतिशत रकम सम्बन्धित कृषक समूह, कृषि सहकारी संस्था

नगर प्रमुख

एवं उद्यमी स्वयंले कृषि विकास शाखामा जम्मा गरेपछि तपसिल अनुसारका समूह, कृषि सहकारी संस्था एवं उद्यमीलाई संम्झौता गराई तपसिल अनुसारको रकम उपलब्ध गराउने :

१, कृषि उत्पादनशील मिश्रित कृषक समूह अर्जुनधारा नपा वडा नं.- १ हाते धानझार्ने मेशिन

२, साना किसान कृषि सहकारी संस्था अर्जुनधारा नपा वडा नं.- १, मकैरोप्ने मेशिन- १थान

३, त्रिबेणी मिश्रित कृषक समूह अर्जुनधारा नपा वडा नं.- १, धान काट्ने रिपर- १ थान

५, दाजुभाई कृषि फर्म अर्जुनधारा नपा वडा नं. -५ मकै रोप्ने- १,रिपर १, कुटीकाट्ने १,

६, जुकेखाडी मिश्रित कृषक समूह नगरपालिका वडा नं -३ धान काट्ने रिपर १ थान

७, गजेन्द्र पौडेल अर्जूनधारा नपा- ३ मकै रोप्ने मेशिन

बैकल्पिक

१, कृषि उत्पादनशील मिश्रित कृषक समूह अर्जुनधारा नपा वडा नं. १ पावरटिलर १, रिपर १,

२, साना किसान कृषि सहकारी संस्था अर्जुनधारा नपा वडा नं. १, पावर टिलर १

३, साधुटार कृषि सहकारी संस्था लि. अर्जुनधारा नपा वडा नं. १ पावरटिलर २,

४, त्रिबेणी मिश्रित कृषक समूह अर्जुनधारा नपा वडा नं. १, पावरटिलर १, थ्रेसरको हलो स्पे १, रिपर १

५, कृषि प्रसार कार्यक्रम (आन्तरिक बजेटबाट संचालन गर्ने क्रियाकलाप):

प्रस्ताव ५ मा छलफल गर्दा कृषि प्रसार कार्यक्रम अर्न्तगत स्वीकृत आन्तरिक बजेटबाट सञ्चालन गर्ने कृषि प्रसारका कार्यक्रम निम्न अनुसार संचालन गर्ने :

क, जलेश्वर कृषक समूह अर्जुनधारा नपा वडा नं. -७, पावर टिलर-१ एकथान ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने ।

ख) शंकराचार्य पीठलाई स्वीकृत रकम रु. एकलाख बिसहजार रकम पावरटिलर खरिदका लागि उपलब्ध गराउने निर्णय गरियो ।

नगर प्रमुख

ग) दाजुभाई कृषि फर्मलाई गड्यौलेमल उत्पादन प्रदर्शन र सोको लागि सामाग्री, समेत अनुदान उपलब्ध गराउने ।

घ) स्थानीय स्तरमा जैविक तथा प्राङ्गारिक मल उत्पादन गर्ने संस्था वा कम्पनी यस नपामा रजिष्टर नभएको सन्दर्भ र अन्यत्र जिल्लाबाट ढुवानी गराई ल्याउँदा महँगो पर्न जाने हुँदा तथा स्थानीय कृषि फर्म एवं व्यवसायिक संस्थालाई प्रोत्साहित गर्दै जानु पर्ने हुनाले स्थानीय कृषि फर्म/उद्यमी संस्थाले उत्पादन गरेको जैविक/प्राङ्गारिक मल अन्य कृषक समूह संस्थाले संचालन गर्ने कृषि वाली उत्पादन प्रदर्शन कार्यक्रमहरुमा अनुदानको मल उपलब्ध गराउनु पर्दा स्थानीय स्तरकै उत्पादित मल खरिद गरी अनुदानमा उपलब्ध गराउन सकिने समेत निर्णय गरियो ।

६, मकै छोडाउने बिद्युतीय मेशिन ५० प्रतिशत अनुदानमा वितरण सम्बन्धमा:

प्रस्ताव नं. ५ माथि छलफल गर्दा अर्जुनधारा नगरपालिका, कृषि विकास शाखाको आ.ब. ०७४/७५ को स्वीकृत बजेट रकम रु. ८८,०००/- मध्येबाट बिद्युतीय मकै छोडाउने मेशिन ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने कार्यक्रम अनुसार तपसिलका कृषक समूह, संस्था र उद्यमीहरुबाट माग संकलन भई आएको र सम्बन्धित वडा कार्यालयबाट सिफारिश समेत भई आएकोले लागतको ५० प्रतिशत कृषक समूह, सहकारी संस्था एवं उद्यमीले व्यहोने गरी निम्न अनुसार खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

१, त्रिवेणी मिश्रित कृषक समूह अर्जुनधारा नपा वडा नं. १ मकै छोडाउने मेशिन १

२, साधुटार कृषि सहकारी संस्था लि. अर्जुनधारा नपा वडा नं. १, मकै छोडाउने १,

३, अन्य माग भई आउने कृषक समूह, कृषि सहकारी संस्था एवं उद्यमी मध्ये पहिलो माग भई आउनेलाई प्राथमिकता दिई बजेटले भ्याए सम्म उपलब्ध गराउने ।

७, प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम तर्फ पकेट क्षेत्र छनौट तथा स्वीकृत सम्बन्धमा:

१, प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम अर्न्तगत गत आ.ब. ०७३/७४ मा पकेट क्षेत्र स्वीकृत भई कार्यक्रम संचालन भएका निम्न उद्यमी तथा कृषक समूह/संस्थाले पेश गरेको चालु आ.ब.को प्रस्ताव स्वीकृत गरी बजेट कार्यक्रमलाई निरन्तरता दिई कार्यक्रम संचालन गर्ने

क) पुर्वाञ्चल मौरीपालन उद्योग अर्जुनधारा नगरपालिका वडा नं. ९, व्यवसायिक मौरीपालन

ख) विश्वास कृषि फार्म अर्जुनधारा नगरपालिका वडा नं. ११, सालवाडी व्यवसायिक माछापालल

भएको र यस नगरपालिका कृषि विकास शाखाले प्रकाशित गरेको मिति २०७४/८/२८ को सूचना बमोजिम निर्धारित मिति भित्र पेश भएका पाँचवटा प्रस्ताव मध्ये निम्न चारवटालाई पकेट क्षेत्र स्वीकृत गरी बजेट कार्यक्रम संचालन गर्ने र निर्धारित समयमा सम्झौता गरी कार्यक्रम २, प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम अर्न्तगत चालु आ.ब. ०७४/७५ मा ४ चारवटा विशेष वाली उत्पादन क्षेत्र पकेट छनौट गर्नु पर्ने अगाडि नबढाएमा बैकल्पिक सुचिमा रहेको संस्थालाई कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।

नगर प्रमुख

मिति २०७४/१०/२८

छनौट गर्नु पर्ने अगाडि नबढाएमा बैकल्पिक सुचिमा रहेको संस्थालाई कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।

तपसील

क) हात्तिकिल्ला कृषक समूह अर्जुनधारा नगरपालिका -८, उत्पादन	व्यवसायिक मकै
ख) बैदिक एग्रो प्लानेट कम्पनी अर्जुनधारा नपा- ८ उत्पादन	व्यवसायिक कागती
ग) दाजुभाई कृषि फार्म अर्जुनधारा नपा वडा नं.- ५ खेती	आधुनिक तरकारी
घ) साकार मिश्रित कृषक समूह अर्जुनधारा नपा- ११, उत्पादन	ब्यवसायिक तरकारी

बैकल्पिक

क) पाथीभरा मौरीपालक समूह अर्जुनधारा नपा -६	व्यवसायिक मौरीपालन

निर्णय नं. १४

अर्जुनधारा-१ स्थित श्री शंकाराचार्य वेद वेदाङ्ग संस्कृत पाठशालालाई महाविद्यालयको सम्बन्धन लिँदै शंकाराचार्यपीठ संस्कृत गुरुकुलमा स्तरोन्नतिका लागि सिफारिस माग भई आएकाले सो संस्कृत पाठशालालाई स्तरोन्नति गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

२८/१०/२०७४

नगर प्रमुख